# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
एक्सचेन्ज : ४४१९८०४/५/७
४४१०२०१/४१०१५८/४११२५०
फ्याक्स : ४४१४५५२
E-mail : bfr_refinance@nrb.org.np
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

पत्रसंख्याः बै.वि.नि.वि./पुनरकर्जा/००२/०७८/०७९

मिति २०७८/०७/१४

इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरु

महाशय,

यस बैंकबाट “नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७ (तेस्रो संशोधन सहित)” को बुँदा नं. ९ (१) बमोजिम” एकमुष्ट रुपमा प्रदान हुने लघु, घरेलु तथा साना उद्यम पुनरकर्जा, साधारण पुनरकर्जा तथा विशेष पुनरकर्जाका लागि संलग्न सूचना बमोजिमको आवेदन आह्वान गरिएको व्यहोरा सूचित गरिन्छ ।

भवदीय,

(देव कुमार ढकाल)
कार्यकारी निर्देशक

## इजाजतपत्रप्राप्त "क", "ख" र "ग"वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई एकमुष्ट रुपमा प्रदान हुने पुनरकर्जाको लागि आवेदन आह्वान

यस बैंकबाट "नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७ (तेस्रो संशोधन सहित)" को बुँदा नं. ९ (१) बमोजिम एकमुष्ट रुपमा प्रदान हुने लघु, घरेलु तथा साना उद्यम पुनरकर्जा, साधारण पुनरकर्जा तथा विशेष पुनरकर्जाका लागि देहाय बमोजिम आवेदन आह्वान गरिएको व्यहोरा सुचित गरिन्छ ।

**१. प्रथम पटक प्रकाशित मिति:** २०७८/०७/१४

**२. आवेदन बुझाउने अन्तिम मिति:** २०७८/०८/१९

**३. आवेदनका लागि योग्य कर्जा:** यस बैंकबाट मिति २०७८/०६/२५ मा जारी भएको परिपत्र नं. कखग/४/०७८/७९ अनुसार कोभिड-१९ बाट अति प्रभावित तथा मध्यम प्रभावित देहायका क्षेत्रहरुमा प्रवाहित कर्जाहरु आवेदनको लागि योग्य हुनेछन्:

**(अ) अति प्रभावित क्षेत्र**

१. पर्यटन

(क) ट्रेकिङ्ग, ट्राभल एजेन्सी, पर्वतारोहण, ऱ्याफ्टिङ्ग, क्याम्पिङ्ग, टुर अपरेटर, हिलिङ्ग सेन्टर, क्यासिनो, मसाज स्पा आदि,

(ख) होटल, पर्यटक आवास, मोटेल, ग्रामीण पर्यटन, होम स्टे, रिसोर्ट, तथा रेष्टुराँ, पर्यावरणीय पर्यटन, वन्यजन्तु आरक्ष,

(ग) साहसिक पर्यटन: स्किइङ्ग, ग्लाइडिङ्ग, वाटर ऱ्याफ्टिङ्ग, हट एयर ब्यालुनिङ्ग, क्यानोइङ, प्यारासेलिङ्ग, घोडचढी, हात्तीचढी, बन्जी जम्पिङ्ग, हिमाल आरोहरण र अवलोकन लगायत,

(घ) गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ्ग, पदयात्रा, माउन्टेन फ्लाइट सञ्चालन, केवलकार

२. हवाई तथा पर्यटकीय यातायात

३. मनोरञ्जन, मनोरञ्जन पार्क, रिक्रिएसन सम्बन्धी व्यवसाय, पार्टी प्यालेस

४. चलचित्र उत्पादन, वितरण, सिनेमा हल

५. रोजगारी गुमेका वा layoff मा परेका श्रमिक, कामदार वाकर्मचारी (स्वदेशमा वा विदेशमा)

६. मूलभुत रुपमा सडेर गलेर जाने वस्तु (Perishable goods) जस्तै: तरकारी, फलफूल, पुष्प, माछा मासु, दाना, दुध तथा दुधजन्य उत्पादन, अण्डा आदि उत्पादन तथा बिक्री वितरण

७. कुखुरापालन व्यवसाय

८. पशुपन्छी, मौरी तथा मत्स्यपालन व्यवसाय

९. तयारी पोशाक, हस्तकला तथा सीपमुलक व्यवसाय

१०. वैदेशिक रोजगार सेवा प्रदायक, शैक्षिक परामर्श सेवा प्रदायक

११. नीजि तथा आवासीय विद्यालय, उच्च शिक्षालय तथा माध्यमिक विद्यालय, कलेज तथा विश्वविद्यालय, प्राविधिक शिक्षालय, प्रि-स्कुल, चाइल्ड केयर

१२. यात्रुवाहक स्थल यातायात

१३. ब्युटी पार्लर, सैलुन, कस्मेटिक सर्जरी लगायतका सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप

१४. कानूनी, लेखा, इन्जिनियरिंग लगायतका परामर्श सेवा वा व्यवसाय

१५. हेल्थ सेन्टर वा फिट्नेस सेन्टर

नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

**(आ) मध्यम प्रभावित क्षेत्र**

१. खप्ने सामान जस्तै प्लास्टिक, फलाम/स्टील, टायर, छाला, धातुका उत्पादन, घरायसी उपकरण आदि उत्पादन तथा बिक्री वितरण सँग सम्बन्धित उद्योग व्यवसाय

२. अस्पताल, क्लिनिक, नर्सिंगहोम, डायग्नोस्टिक सेन्टर

३. भण्डारण गर्न सकिने बस्तु (खाद्यान्न बाहेक) उत्पादन, प्रशोधन तथा बिक्री वितरण

४. वन तथा खनिजजन्य उद्योग

५. निर्माण व्यवसाय

६. औषधि उत्पादन

७. छपाइ, प्रकाशन तथा संचार गृह

८. निर्माणाधीन जलविद्युत तथा नवीकरणीय उर्जा

९. ढुंगा, माटो तथा सिसाका उत्पादन सम्बन्धी व्यवसाय

**४. आवेदन दर्ता गर्दा संलग्न गर्नुपर्ने कागजात:**

(क) नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७ (तेस्रो संशोधन सहित) अनुसुची १ बमोजिमको ढाँचाको आवेदन ।

(ख) इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिको निर्णय ।

(ग) ग्राहक ऋणीको विवरण (यस बैंकको Reporting Portal मा तोकिएको ढाँचामा)।

**५. आवेदनको लागि पालना हुनुपर्ने अन्य शर्तहरु:**

(क) संस्थाले माग गर्ने कूल पुनरकर्जा रकम संस्थाको प्राथमिक पुँजीको अधिकतम २५ प्रतिशतसम्म हुनुपर्ने ।

(ख) हाल एकमुष्ट पुनरकर्जा उपयोग गरिरहेका ऋणीहरु यस आह्वानमा पुन:आवेदन दिन योग्य हुने छैनन् ।

(ग) एक भन्दा बढी बैंक तथा वित्तीय संस्थामार्फत कर्जा उपयोग गरेका ऋणीको हकमा एक बैंक/वित्तीय संस्थामार्फत मात्र आवेदन भएको व्यहोरा आवेदकले सुनिश्चित गरेको हुनुपर्ने ।

(घ) पुनरकर्जाको लागि आवेदन गर्दा लघु, घरेलु तथा साना उद्यम क्षेत्रका ऋणीलाई अधिकतम मात्रामा समेट्ने गरी आवेदनगर्नु पर्ने ।

(ङ) आवेदनको लागि कर्जा छनौट गर्दा प्रत्येक शाखाबाट न्यूनतम ५ वटा ग्राहक/ऋणी समेटिएको हुनुपर्ने ।

(च) आवेदन पेश गर्ने बैंक/वित्तीय संस्थाको पुँजीकोष अनुपात यस बैंकले तोके बमोजिम पुगेको हुनुपर्ने ।

६. आवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनलाई आवेदन पेश गर्ने अन्तिम दिन मानिनेछ ।

७. रितपुर्वक पेश नभएका र समयमै दर्ता नभएका आवेदनलाई स्वीकार गरिने छैन ।

**८. इच्छुक ग्राहक ऋणीलाई आफुले सेवा लिइरहेको बैंकको सम्बन्धित शाखामा पुनरकर्जा माग गरी निवेदन दिनुहुन समेत यसै सुचना मार्फत सुचित गरिन्छ ।**

**नेपाल राष्ट्र बैंक**
**बैंक तथा वित्तीय संस्था नियमन विभाग**